*फेएट काउन्टी पब्लिक स्कूलहरू*

संशोधित ०६/२४

स्वीकार्य प्रयोग नीति

स्कूलमा प्रविधिको पहुँचले विद्यार्थीहरूलाई काम, जीवन र नागरिकताकोलागि तयारपार्ने सीपहरूसिक्न, संलग्नहुन, कुराकानीगर्न र विकासगर्न अधिक अवसरहरू प्रदानगर्दछ भनेर जिल्लाले मान्यता दिन्छ। हामी विद्यार्थीहरूलाई प्रविधि र संचार कौशल विकासगर्न मद्दतगर्न प्रतिबद्ध छौं। यसकोलागि, हामी शैक्षिक उद्देश्यहरूकालागि विद्यार्थीहरू र कर्मचारीहरूको प्रयोगकोलागि प्रविधिहरूमा पहुँचप्रदान गर्दछौं। यो स्वीकार्य प्रयोग नीतिले (एयूपी)(AUP) जिल्ला सम्पत्तिमा स्कूलका प्रविधिहरू वा व्यक्तिगत स्वामित्वका उपकरणहरू प्रयोगगर्दा विद्यार्थीहरू, शिक्षकहरू र आमाबुबाहरूले प्रयोगगर्ने प्रावधानहरू र अपेक्षाहरूको रूपरेखा दिन्छ।

**<u>कर्मचारीहरूको भूमिकाहरू र जिम्मेवारीहरू</u>**

जिल्लाको विश्वास छकि प्रविधिको प्रयोगगर्दा सबै प्रयोगकर्ताहरू सुरक्षित र जिम्मेवार डिजिटल नागरिक बन्न आवश्यक छ। यसरी, जिल्लाले प्रयोगकर्ताहरूलाई सुरक्षितराख्न मद्दतगर्न निम्न रणनीतिहरूको प्रयोगगर्नेछ। विद्यार्थीहरूको डिजिटल नागरिकता निर्देशन प्रत्येक वर्ष गरिनेछ। शिक्षकहरू र कर्मचारीहरूले कक्षाकोठाभित्र अनुमतिप्राप्त विद्यार्थी प्रबिधिको प्रयोगको सक्रिय निगरानीगर्नेछन्। राज्य र संघीय नियमहरू र जिल्ला नीतिहरूद्वारा आवश्यकता अनुसार इन्टरनेटमा पहुँचलाई सीमित गरिनेछ। वेब गतिविधिको कुनैपनि समयमा निगरानी र रेकर्डगर्न सकिन्छ। नेटवर्क र स्कूल प्रशासनले उचित प्रयोगलाई सुनिश्चितगर्न फाइलहरू र संचारहरूको पुनरावलोकनगर्न सक्छ।

**<u>आमाबाबुहरू/अभिभावकहरूको भूमिकाहरू र जिम्मेवारीहरू</u>**

उपलब्ध प्रविधिको सुरक्षित र उचित प्रयोगगर्न विद्यार्थीलाई सिकाउन आमाबाबुहरू/अभिभावकहरूले हामीसँग साझेदारीगर्ने जिल्लाले अपेक्षागरेको छ। यद्यपि एफसीपीएसका (FCPS) उपकरणहरूको निगरानीगरिन्छ र अनुचित प्रयोगलाई रोक्नकोलागि हर सम्भव प्रयासगरिन्छ, सबै अनुपयुक्त सामग्री रोक्न असम्भव छ।  आमाबाबुहरू कुनैपनि गैर-जिल्ला वायरलेस वा सेलुलर जडानको माध्यमबाट विद्यार्थीहरूको पहुँचको निरीक्षणकोलागि उत्तरदायीछन्, किनकि यी चीजहरूको जिल्लाद्वारा रखरखाव गरिएको छैनन्। कक्षा बाहिर प्रयोगगर्दा एफसीपीएसका (FCPS) उपकरणहरूमा विद्यार्थीको गतिविधिलाई निगरानीगर्न आमाबाबुहरू जिम्मेवारछन्। स्कूलको परिवेशमा व्यक्तिगत उपकरणहरूको प्रयोगबाटहुने कुनैपनि क्षति वा हानिकोलागि जिल्ला उत्तरदायी छैन।

**<u>विद्यार्थीहरूको भूमिकाहरू र जिम्मेवारीहरू</u>**

प्रविधि र नेटवर्कमा पहुँच केवल शैक्षिक लक्ष्य र निर्देशनलाई समर्थनगर्नकोलागि हो। विद्यार्थीहरूले जिम्मेवारीपूर्वक स्रोतहरू प्रयोगगर्ने अपेक्षागरिएको छ र उनीहरूको व्यवहार र संचारहरूकोलागि जवाफदेही बनाइनेछ। जिल्ला सञ्जाल मार्फत भण्डारण वा प्रेषित सबै संचारहरू, तथ्याँकहरू(डेटा) र फाइलहरू फेएट काउन्टी पब्लिक स्कूलहरूको सम्पत्ति

मानिन्छ र समीक्षा र/ वा हटाउन सकिन्छ। कारण र कानुनी दिशानिर्देशहरूभित्र रहेर अभिव्यक्ति स्वतन्त्रता र सूचनामा पहुँचलाई सम्मानगरिनेछ ।

**<u>स्वीकार्य प्रयोगका उदाहरणहरूमा समावेशछन् (तर यसमा सीमित छैनन्):</u>**

सम्मानजनक र जिम्मेवार डिजिटल नागरिकहुन स्कूल र जिल्ला व्यवहार अपेक्षाहरू अनुसरणगर्नु।

निर्देशन अनुसार र शैक्षिक उद्देश्यकालागि अनलाइन/नेटवर्क संसाधनहरू (इमेल सहित) प्रयोगगर्नु।

उपयुक्त सामग्रीकोमात्र भण्डारण र साझेदारीगर्नु।

उपयुक्त उद्देश्यकालागि स्वीकृत समयमा मात्र स्कूल र/वा व्यक्तिगत प्रविधिको प्रयोगगर्नु।

**<u>अस्वीकार्य प्रयोगका उदाहरणहरूमा समावेशछन् (तर यसमा सीमित छैनन्):</u>**

उपयुक्त प्रयोजनकालागि स्वीकृत समयमामात्र प्रविधिको प्रयोगगर्नु।

अनुचित, अपमानजनक, उत्पीडनकारी, वा अश्लील प्रकृतिको वा हिंसा वा अवैध गतिविधिलाई बढावादिने कुनैपनि सामग्रीको सिर्जनागर्नु, पठाउनु र/ वा जानाजानी प्राप्तगर्नु।

जानीजानी सीमित स्रोतहरूलाई बर्बादगर्नु वा गैर-शैक्षिक उद्देश्यहरूकोलागि तिनीहरूलाई प्रयोगगर्नु - (फाइल भण्डारण, मुद्रण, ब्यान्डविथ)।

अस्वीकृत सामग्रीको पहुँचगर्न जानीजानी नेटवर्क फिल्टरिङलाई बाइपासगर्दै।

अर्को व्यक्तिको प्रयोगकर्ता नाम वा पासवर्ड प्रयोगगर्नु वा साझेदारीगर्नु, वा तपाईंको प्रयोगकर्ता नाम र पासवर्ड अरूसँग साझेदारीगर्नु।

कुनैपनि तरिकामा नेटवर्क र यसको सेटिंग्सलाई जोखिममापार्नु - (ह्याकिङ, स्प्यामिंग, सुरक्षा बाइपास, अस्वीकृत उपकरणहरू जडान, आदि)।

व्यक्तिगत लाभ, मनोरञ्जन, राजनीतिक पदोन्नति वा स्कूलसँग असम्बन्धित गतिविधिहरूकोलागि स्कूलको नेटवर्कको प्रयोगगर्नु।

प्रतिलिपि अधिकार कानूनको उल्लङ्घनगर्नु वा साहित्यिक चोरीगर्नु, आर्टिफिसियल इन्टेलिजेन्सको प्रयोगको साथ वा बिना, तर सीमित छैन, सफ्टवेयरका छविहरू, संगीत वा अन्य प्रतिलिपि अधिकार संरक्षित फाइलहरूको प्रतिलिपिगर्नु।

जानीजानी जिल्ला वा व्यक्तिगत प्रविधि-सम्बन्धित सम्पत्तिलाई क्षति वा चोरीगर्नु।

साइबर बुलिङ, उत्पीडन वा अरूप्रति अपमानजनक आचरणमा संलग्नहुनु।

**<u>स्वीकार्य प्रयोग नीतिको उल्लङ्घनहरू</u>**

एयूपी (AUP) उल्लङ्घनगर्ने विद्यार्थीहरू समान अफलाइन व्यवहारहरूकोलागि विद्यार्थी आचार संहिताद्वारा निर्धारित समान अनुशासनात्मक कार्यहरूको अधीनमाछन् र स्कूल प्रशासनको विवेकमाछन्।

**<u>विद्यार्थीहरूलाई अनलाइन खाताहरू सिर्जनागर्न सहमति</u>**

निर्देशनको भागकोरूपमा, विद्यार्थीहरूले डिजिटल परियोजनाहरू सिर्जनागर्न स्कूलद्वारा-प्रदानगरिएको स्रोतहरूको अतिरिक्त शैक्षिक उद्देश्यकालागि विभिन्न वेबसाइटहरू प्रयोगगर्न सक्दछन्। धेरै शैक्षिक साइटहरूकोलागि विद्यार्थी खाताहरू आवश्यक पर्दछ। कहिलेकाहीं जिल्ला वा शिक्षकहरूले विद्यार्थीहरूकोलागि खाताहरू सिर्जनागर्न सक्षमहुन्छन् तर सँधै होइन। बालबालिकाको अनलाइन प्राइभेसी प्रोटेक्सन एक्टले (सीओपीआरए)(COPRA) १३ वर्षभन्दाकम उमेरका कुनैपनि बालबालिकाले निश्चित साइटमा एकाउन्ट बनाउनुअघि अभिभावकको सहमतिलिनुपर्ने व्यवस्थागरेको छ। यस कागजातमा हस्ताक्षरगर्दा तपाईँले आफ्नो बच्चालाई शैक्षिक उद्देश्यकालागि प्रयोगगरिने शिक्षक-निर्दिष्ट साइटहरूमा खाता सिर्जनागर्न अनुमति दिनुहुन्छ भन्ने सङ्केत गर्दछ। शिक्षकहरूले विद्यार्थीहरूसँग प्रयोगगर्ने साइटहरू जिल्लाद्वारा अनुमोदित हुनुपर्दछ, र साइटहरू केआरएस (KRS) ६१.९३१को  पालनगर्नुपर्दछ; केआरएस ६१.९३२; केआरएस ६१.९३३।

**<u>प्रयोगकालागि सहमति</u>**

*यस फारममा हस्ताक्षरगरेर, तपाईं यसद्वारा स्वीकारगर्नुहुन्छ र सहमत हुनुहुन्छ कि जिल्ला र/वा केन्टकी शिक्षा विभागद्वारा (केडीई)(KDE) प्रदानगरिएको इलेक्ट्रोनिक र भौतिक स्रोतहरू प्रयोगगर्ने तपाईंको बच्चाको अधिकार जिल्ला नीति/प्रक्रियामा उल्लिखित नियम र सर्तहरूको अधीनमा छ। त्यस्ता सेवाहरूको सम्बन्धमा भण्डारण गरिएको तथ्याँकहरू (डेटा) नीति ०८.२३२३र सँगसँगै प्रक्रियाहरू अनुसार जिल्लाद्वारा व्यवस्थितगरिन्छ। तपाईं यो पनि बुझ्नुहुन्छ कि तपाईंको बच्चालाई प्रदानगरिएको ई-मेल ठेगाना अन्य इलेक्ट्रोनिक सेवाहरू वा  प्रविधिहरूमा पहुँचगर्नपनि प्रयोगगर्न सकिन्छ जुन जिल्लाद्वारा प्रायोजितहुन सक्छ वा नहुन सक्छ, जसले अनलाइन भण्डारण, अनलाइन संचार र सहयोग, र तत्काल सन्देश जस्ता सुविधाहरू प्रदानगर्दछ। ती सेवाहरूको प्रयोग या त मानक उपभोक्ता प्रयोगको सर्तहरू वा मानक सहमति मोडेलको अधीनमा छ। ती प्रणालीहरूमा भण्डारणगरिएको तथ्याँकहरू(डेटा), जहाँ लागूहुन्छ, केडीई (KDE) र तोकिएका सेवा प्रदायकहरू बीच वा अन्तिम प्रयोगकर्ता र सेवा प्रदायकबीचभएको सम्झौता अनुसार व्यवस्थापनगर्न सकिन्छ। तपाईंको बच्चाले अनलाइन सेवाहरू प्रयोगगर्नु अघि, तपाईंको बच्चाले सेवा सम्झौता स्वीकारगर्नुपर्छ र, केही अवस्थामा, तपाईंको सहमति प्राप्तगर्नुपर्छ।*

---

फेएट काउन्टी पब्लिक स्कूलको विद्यार्थीकोरूपमा, म माथि स्वीकार्य प्रयोग नीतिमा उल्लिखित नियमहरू पालनगर्न बुझ्छु र सहमत छु।

______________________________ ____________________________

____________ **विद्यार्थीको हस्ताक्षर** **विद्यार्थीको नाम**

**मिति**

**स्कूल: ________________________________** **कक्षा**: ____________

माथिको विद्यार्थीको आमाबाबु/अभिभावककोरूपमा, म माथि उल्लिखित स्वीकार्य प्रयोगको नीतिलाई बुझ्छु र सहमत छु र बोर्ड नीति ०८.२३२३ र सँगसँगै प्रक्रियाहरूमा (www.fcps.net मा उपलब्ध) सन्दर्भितगर्दछु। म बुझ्छु कि यो सहमति तबसम्म प्रभावमा रहनेछ जबसम्म विद्यार्थी एफसीपीएस (FCPS) स्कूलमा रहने छ जबसम्म मैले लिखित रूपमा सहमतिलाई रद्द गर्दिन।

______________________________ ____________________________

____________ **आमाबाबुको हस्ताक्षर** **आमाबाबुको नाम**

**मिति**

नोट: संघीय कानूनले जिल्लालाई नाबालिगहरूको अनलाइन गतिविधिहरू निगरानीगर्न आवश्यक छ।